***BMC Research Journal***
**ISSN:** 2795-1731
Peer-reviewed, Interdisciplinary
Open Access Journal
Indexed in NepJOL

**Birendra Bidhya Mandir Campus**
Tikapur, Kailalai, Nepal
**URL:** www.birendracampus.edu.np

*Research Article*

# शैक्षणिक योजनाको कार्यान्वयन पक्ष

**रामदेव मण्डल**
उप-प्राध्यापक
सू.स.मो.या.ब.क्याम्पस, सिरहा, नेपाल

*Published by: Research Management Cell, BMC, Tikapur, Kailali, Nepal*

*Publication: June 2024, Volume: 3. BMC Research Journal*

*Corresponding author: Ramdeo Mandal, Email: m.ramdeo2013@gmail.com*

*Copy right© The Author(s). The publisher may reuse the article(s) as per the prior permission of the concerned author(s).*

**लेखसार**

शैक्षणिक योजना भनेको शिक्षण सिकाइको क्रममा बनाइने योजनालाई बुझाउछ। प्रस्तुत अध्ययन शैक्षणिक योजनाको कार्यान्वयन पक्षमा आधारित रहेको छ। प्राथमिक स्रोतका रूपमा सूचकबाट प्राप्त सामग्रीलाई ट्रान्सक्राइब, कोडिङ, ग्रुपिङ र थिम निर्माण गरी वर्णनात्मक विधिद्वारा विश्लेषण गरिएको छ। थिमका रूपमा वार्षिक कार्यतालिका, वार्षिक कार्ययोजना, एकाइ योजना, दैनिक पाठयोजना, शिक्षकको पेसागत विकास, शिक्षकलाई प्रोत्साहित, प्रधानाध्यापकको भूमिका, संस्थागत विकास आदि कार्यान्वयनका अवस्थालाई बुझाउछन्। कुनै विद्यालयमा योजनाहरू निर्माण मात्र गरिएको छ भने, कुनै विद्यालयमा कार्यान्वयन गरेता पनि सबै योजनाहरू कार्यान्यन नभएको अवस्था देखियो। परिणाम स्वरूप शिक्षण सिकाइ प्रभावित भई पाठ्यक्रमले बोकेको उद्देश्य प्राप्तिमा पनि पूर्ण सफता नभएको देखिन्छ। विभिन्न शैक्षणिक योजनाहरूलाई प्रभावकारी तरिकाले कार्यान्वयन हुनुमा केही कमीकमजोरी प्रधानाध्यापकबाट देखिन्छ भने, केही कमीकमजोरी शिक्षकहरूमा पनि देखिन्छ। यी समस्याहरूलाई न्युनीकरण गर्न सम्बन्धित सरोकारवालाहरू एकजुट भई कार्य गर्नुपर्दछ। शिक्षकको मनोवल वृद्धि गर्न पृष्ठपोषणको व्यवस्था दिई शैक्षिक सामग्रीहरू उपलब्ध गराई शैक्षणिक योजना कार्यान्वयनमा हरेक पक्षको ध्यान केन्द्रित गरी यसका लागि शिक्षकले आचार संहिता निर्माण तथा कार्यान्वयन गरेर सरोकारवालाहरूबीच सुमधुर सम्बन्ध कायम गरी वभिन्न कार्यक्रमहरूको आयोजना गरेर एकअर्काको विचार राख्ने अवसर दिनुपर्दछ। जुनसुकै कार्य गर्दा पनि सम्पूर्ण सरोकारवालाहरूको सहभागिता एवम् सल्लाहबाट वार्षिक रूपमा शैक्षणिक योजना कार्यान्वयनको समीक्षा गरी कार्यान्वयन पक्षमाथि जोड दिनु आवश्यक देखिन्छ।

**मुख्य शब्दावली :** शैक्षणिक योजना, भनाइ, ट्रान्सकाइब, कोडिङ, थिम निर्माण।

## अध्ययनको पृष्ठभूमि

योजना भनेको कुनै पनि कार्य व्यवस्थित तथा वैज्ञानिक तरिकाले सम्पादन गर्नुपूर्व तयारी हो । शैक्षणिक योजना भनेको शिक्षण सिकाइको क्रममा निश्चित उद्देश्य प्राप्तिको लागि गर्नु पर्ने सम्पूर्ण क्रियाकलापको पूर्व तयारी हो । शिक्षण गर्ने क्रममा किन शिक्षण गर्ने, कति शिक्षण गर्ने, कसरी शिक्षण गर्ने, के शिक्षण गर्ने, कुन क्रममा शिक्षण गर्ने भन्ने कुरामा स्पष्ट पार्ने काम योजनाले गर्दछ त्यसैले शैक्षणिक योजना चाहिन्छ (शर्मा र पौडेल, २०७३) । योजनाले उद्देश्यपूर्ण तरिकाले काम गर्न सहयोग पुऱ्याउँछ । शैक्षणिक योजनाअन्तर्गत वार्षिक कार्यपात्रो, वार्षिक कार्य योजना, एकाइ योजना, दैनिक पाठयोजना आदि पर्दछन् । वार्षिक कार्यपात्रो प्र.अ.को नेतृत्वमा शिक्षक, वि.व्य.स. र अन्य सरोकारवाला पक्षहरूको संलग्नतामा निर्माण गरिन्छ र वर्षभरिमा पठनपाठन, अतिरिक्त क्रियाकलाप, र विदाका दिनहरू कुन महिनाको कति गते हुने जस्ता सम्पूर्ण कुराहरू उल्लेखित हुन्छ । यसै योजनाभित्र वार्षिक कार्य योजना, एकाइ योजना र दैनिक पाठ योजना पनि पर्दछ । सम्पूर्ण योजनाको मार्ग दर्शकको रूपमा वार्षिक कार्यपात्रोले काम गरेको हुन्छ । यसले शैक्षिक सत्रको सुरुवात कहिले गर्ने, भर्ना अवधि, कक्षा सञ्चालन र समय, बैंठक, विभिन्न परीक्षाहरू कहिले सञ्चालन गर्ने सम्पूर्ण कुराहरू उल्लेख गरिएको हुन्छ । वार्षिक कार्यतालिकाअनुसार नै हरेक योजनाहरू लागू हुन्छ । जस्तैः एकाइ जााच, त्रैमासिक परीक्षा, अर्धवार्षिक परीक्षा नतिजा प्रकाशन, खेलकूद, संस्कृति क्रियाकलाप, अभिभावक भेला आदि सुनिश्चित गरिएको हुन्छ । सिकाइ उपलब्धि स्तर वृद्धि, कार्यसम्पादनमा सहजता, विद्यालयका हरेक गतिविधिलाई व्यवस्थित गर्न सहयोग, अन्य शैक्षणिक योजनाहरू निर्माणमा टेवा पुऱ्याइएकोले यसको महत्त्व रहेको छ ।

वार्षिक कार्ययोजना भनेको कुनै एक विषयलाई एक वर्ष वा एक शैक्षिक सत्रावधिसम्म पढाउँदा अपनाउनु पर्ने सम्पूर्ण कार्यक्रमको पूर्व तयारीलाई कार्ययोजना भनिन्छ । यसलाई वार्षिक शैक्षणिक योजना र वार्षिक पाठयोजना पनि भनिन्छ । यसको मुख्य लक्ष्य पाठ्यवस्तुहरू शैक्षिक सत्रावधिभित्र पूर्ण बनाउन अपनाइने पूर्वतयारी  हो । प्रत्येक विषय शिक्षकले आफ्नो विषयको अध्यापन कार्यका लागि बनाइएको एक शैक्षिक वर्षभरिको शिक्षण योजना हो । यो विषय शिक्षकबाट निर्मित हुन्छ । शैक्षणिक योजनाले निश्चित उद्देश्य प्राप्तिमा मदत पुऱ्याएको हुनाले यसको निकै नै महत्त्व देखिन्छ । त्यस्तै एकाइ योजना भनेको कुनै खास विषयभित्रका विभिन्न खण्डहरूमध्ये कुनै एउटा खण्ड वा मूल शीर्षक एवम् एकाइलाई शिक्षण गर्दा आवश्यक पर्ने सम्पूर्ण शैक्षिक कार्यक्रमको पूर्व तयारीलाई एकाइ योजना भनिन्छ । यसमा खास एकाइ शिक्षण गर्नका लागि आवश्यक शैक्षिक उद्देश्य, पाठ्यवस्तु, शिक्षण सिकाइ कार्यकलाप, शिक्षण सामग्री तथा मूल्याङ्कन जस्ता महत्त्वपूर्ण तत्त्वहरू समावेश हुन्छन् । ती तत्त्वहरूलाई एकाइ योजनाका अङ्ग भनिन्छ । वार्षिक कार्ययोजनाबाट प्राप्त घण्टीका आधारमा उक्त एकाइ किन पढाउने, के पढाउने, कुन सामग्री प्रयोग गर्ने, कुन शिक्षण विधि प्रयोग गर्ने एवम् मूल्याङ्कन कसरी गर्ने भन्ने कुरालाई स्पष्ट पार्दछ । यसले दैनिक पाठयोजनालाई सहयोग गर्नुको साथै वार्षिक कार्ययोजनालाई कार्यान्वयनमा पनि टेवा पुऱ्याउँछ । अन्त्यमा दैनिक पाठयोजना भनेको कुनै पनि शिक्षकले कुनै खास विषयको कुनै एक घण्टीभित्र कुनै एउटा पाठ तथा पाठ्यांश शिक्षण गर्दा अपनाउनु पर्ने सम्पूर्ण कार्यक्रमको पूर्व तयारीलाई पाठयोजना भनिन्छ । पाठयोजनालाई दैनिक पाठयोजना भनिन्छ । दैनिक पाठयोजना भनेको शिक्षकले हरेक दिन

पढाउनुभन्दा अगाडि यो योजना निर्माण गर्नु पर्दछ । यसले पढाउनुभन्दा अगाडि आएका समस्याहरूलाई आग्रिम नै समस्या समाधान गरिएको हुन्छ । यसले पढाउने बेलामा कुनै किसिमका व्यवधानहरू आउादैनन् किनभने, आगाडि नै समाधान भैसकेको हुन्छ । यसले शिक्षण सिकाइलाई प्रभावकारी बनाउँछ । यसले कुन पाठ कहिले पढाउने, कसरी पढाउने, कुन सामग्री उपयुक्त हुन्छ । कुन मूल्याङ्कन प्रकिया अपनाउने जस्ता कुराहरू स्पष्ट भएको हुन्छ ।

एउटा तालिम प्राप्त शिक्षकले जहिले पनि योजनाअनुसार शिक्षण सिकाइ गर्छन् भने, तालिम नलिइएको शिक्षकले विना योजनाले शिक्षण गर्दा फरक सिकाइ उपलब्धि देखिन्छ । योजनाअनुसार शिक्षण सिकाइ गर्दा सिकाइ उपलब्धि राम्रो देखिन्छ भने, नियमित शिक्षण योजना लागू नगर्दा सिकाइ उपलब्धि राम्रो देखिदैन । शैक्षणिक योजनाभित्र वार्षिक कार्यपात्रोको महत्त्व र आवश्यकताले सिकाइ उपलब्धि स्तर वृद्धि, समयमै कार्यसम्पादन गर्न सहजीकरण, क्रियाकलापको स्पष्ट बोध गर्ने हुनाले सञ्चालन गर्न सजिलो बनाउने, विद्यालयका हरेक गतिविधिलाई व्यवस्थित गर्न सहयोग गर्ने, सरोकारवालाको सहभागितामा बृद्धि गरी गुणस्तरीयता कायम गर्न मद्दत पुग्ने लगायत अन्य शैक्षिक योजना निर्माणको आधार प्रदान गर्ने, यसले शिक्षण सिकाइका लागि प्राप्त समय, शैक्षिक वातावरण, विद्यार्थीको मानसिक, बौद्धिक स्तर पाठ्यक्रमका निर्देशन एवम् विविध शैक्षिक र भौतिक वातावरणका आधारमा तयार पारिने योजनाको समष्टि कार्यसम्पादनको व्यवस्थित आधार शैक्षणिक योजना विद्यार्थीको क्षमता अभिरुचि, आवश्यकतामा आधारित हुन्छ । यसको महत्त्वलाई हेर्दा यसले निश्चित उद्देश्यहरू प्राप्तिका लागि सहयोग गर्दछ । विषयवस्तुसाग सम्बन्धित विभिन्न पूर्व तयारी बनाउँछ । विश्वनीय र प्रामाणिक तवरले मूल्याङ्कन गर्छ । शैक्षणिक प्रक्रियालाई सबल र सक्षम बनाउँछ । शिक्षक र विद्यार्थी दुबैलाई मार्ग निर्देश गर्छ । शिक्षणलाई व्यवस्थित प्रभावकारी, उपलब्धिपूर्ण बालकेन्द्रित व्यवहार कुशल सिपयुक्त बनाउने भएकोले यसको महत्त्व रहेको छ ।

यसरी यी विभिन्न शैक्षणिक योजनाहरूले शिक्षण सिकाइलाई प्रभावित पारी सिकाइ उपलब्धिमा महत्त्वपूर्ण टेवा पुऱ्याइएको हुन्छ सैद्धान्तिक पाटाहरूलाई विद्यालयको व्यवहारिक कार्यान्वयन पक्षको प्रभावकारिता हेरिएको छ ।

## समस्या कथन

शैक्षिक कार्ययोजना शिक्षण सिकाइको लागि मुख्य मेरुदण्ड हो । शैक्षणिक योजनाको अभावमा शिक्षण सिकाइ प्रभावकारी हुन सक्दैन, त्यसैले शैक्षणिक योजना निर्माण मात्र नभई कार्यान्वयन हुनु नितान्त आवश्यक देखिन्छ । यसै क्रममा आधारभूत तहमा शैक्षणिक योजना निर्माण भएको तर कार्यान्वयन पक्षमा ६० प्रतिशत मात्र लागू भएको देखिन्छ (मैनाली, २०७५) ।

प्रस्तुत अध्ययन माध्यमिक विद्यालय तहमा शैक्षणिक योजनाको कार्यान्वयन पक्ष के कसरी भएको छ ? भने समस्यामा केन्द्रित रहेको छ ।

## अध्ययनको उद्देश्य

प्रस्तुत अध्ययन शैक्षणिक योजनाको कार्यान्वयन पक्ष पहिचान गरी विविध दृष्टिकोणबाट आएको सामग्रीलाई विश्लेषण गरी निष्कर्ष निकाल्नु यसको उद्देश्य रहेको छ।

## अध्ययन विधि र प्रक्रिया

प्रस्तुत लेख गुणात्मक ढाँचामा आधारित रहेको छ । शैक्षणिक योजना सम्बन्धी शिक्षण सिकाइ गर्नु नितान्त आवश्यक देखिन्छ । शैक्षिक योजनाभित्र वार्षिक कार्यतालिका, वार्षिक कार्ययोजना, एकाइ योजना, दैनिक पाठयोजनाहरू पर्दछन् । यसको लागि प्रश्नावली निर्माण गरी सर्वे विधिबाट सिरहा जिल्लाको सिरहा नगरपालिकाभित्र रहेका सरकारी र निजी विद्यालयहरूमध्ये उद्देश्यमुलक नमुना छनोट विधिद्वारा विद्यालयहरूलाई छनोट गरिएको छ । जसमा सरकारीतर्फ च.न.मा.वि.सिरहा, मा.वि बालमन्दिर.सिरहा, ब्र.झ.ज.मा.वि.माडर, मा.वि.भलुवाही, सारश्वरनाथ मा.वि. सारस्वर, मा.वि. सन्हैठा र निजीतर्फ बाल संसार इङिगलिस सेकेन्ड्री स्कुल सिरहा, माउन्ट एभरेष्ट बोर्डिङ स्कुल, एभरग्रीन बोर्डिङ स्कुल, मिथिला शिक्षा र सि.टी. स्टार स्कुल सिरहाका प्रत्येक स्कुलका प्रधानाध्यापक, प्रत्येक कक्षाका विषय शिक्षक र विद्यार्थीहरूलाई उद्देश्यमूलक नमुना छनोट विधिबाट सूचकहरू छनोट गरिएको छ । प्रधानाध्यापक. बाहेक हरेक कक्षाबाट शिक्षक र विद्यार्थीहरूलाई उद्देश्यमूलक नमुना छनोटलाई चिठा विधिद्वारा २ जनाको दरले शिक्षक र विद्यार्थीहरूलाई प्रतिनिधित्व हुने गरी छनोट गरिएको छ । शिक्षक र विद्यार्थीहरूलाई प्रत्यक्ष प्रश्नावली र केही अन्तर्वार्ताद्वारा आएको उत्तरलाई लेख्नलगाई प्राप्त उत्तरलाई ट्रान्सक्राइब गरी त्यसलाई कोडिङ गरेर ग्रुपिङ गरी थिम निर्माण गरेर वर्णनात्मक विधिद्वारा व्याख्या तथा विश्लेषण गरिएको छ । सरकारी र निजी विद्यालयहरूको ग्रामीण र सहरी क्षेत्रलाई समेटिएको छ । तालिम प्राप्त शिक्षक र अप्राप्त शिक्षकहरूलाई पनि उद्धृत् गरिएको छ ।

## परिणाम तथा छलफल

कुनै पनि कार्य व्यवस्थित रूपमा सञ्चालन गर्नका निम्ति पहिले नै निर्धारित गरिने कार्यक्रम वा रूपरेखा, काम सिद्ध गर्न चाहिने साधन, उपाय, व्यवस्था आदिको पूर्वनिश्चित तयारीलाई योजना भनिन्छ ( नेपाली बृहत् शब्दकोश, २०७५-१०५०) । योजना भनेको व्यवस्थित र वैज्ञानिक कार्य सञ्चालन वा सम्पादनको पूर्व तयारी हो (शर्मा र पौडेल, २०७३) । शैक्षणिक योजना भनेको शिक्षण सिकाइको क्रममा बनाइएको योजनालाई शैक्षणिक योजना भनिन्छ । पाठ्यक्रमको निश्चित उद्देश्य प्राप्तिको लागि बनाइएको योजना हो । अन्य कार्यमा जसरी योजनाको आवश्यकता हुन्छ त्यसरी नै पठन पाठनका सन्दर्भमा पनि योजनाको आवश्यकता पर्दछ । शिक्षण गर्दा सर्वप्रथम अध्यापन योजना बनाइन्छ अनि मात्र सोहीअनुसार शिक्षण सिकाइ सम्बन्धी क्रियाकलाप गरिन्छ । शिक्षणलाई प्रभावकारी र उद्देश्यमूलक बनाउन अध्यापन योजना बनाइन्छ । अध्यापन योजना बनाउादा उद्देश्य, पाठ्य विषय, समय, सामग्री, विद्यार्थी वा साधन, विधि, क्रियाकलाप, मूल्याङ्कन प्रविधि जस्ता कुराहरू व्यवस्थित गरिन्छ । यसरी योजना निर्माण गरेपछि मात्र शिक्षण कार्य निश्चित गतिमा अघि बढ्छ र विद्यार्थीहरूलाई लक्षित विन्दुसम्म पुऱ्याउन सकिन्छ ।

कक्षा कोठामा प्रवेश गर्नुभन्दा पहिल्यै के पढाउने, कसरी पढाउने भन्ने कुरामा शिक्षक स्पष्ट र सुनिश्चित हुनुपर्छ । कुन तह, स्तर र क्षमताका विद्यार्थीहरू हुन, विद्यार्थी र प्राप्त समय कति छ यी सबै पक्षलाई ख्याल गरेर मात्र अध्यापन योजना बनाइनुपर्छ । रुचि र आवश्यकता के हो ? जस्ता कुराहरूलाई विशेष ध्यान दिनुपर्दछ । योजनाबद्ध शिक्षणबाट विद्यार्थीले निर्दिष्ट उद्देश्यहरू प्राप्त गर्न

सक्दछन् । पाठ्यक्रम, पाठ्य विषय, शिक्षण विधि, शिक्षण सामग्री, शिक्षण सिकाइ क्रियाकलाप, मूल्याङ्कन विधिहरू आदि पक्षहरूले सहज र व्यवस्थित उपयोग एवम् सञ्चालन गर्न अध्यापन योजना निर्माण गरिन्छ । विना योजना गरिएको शिक्षण सिकाइ क्रियाकलापमा शिक्षक अलमलमा पर्ने सम्भावना हुन्छ । शिक्षण पनि उपलब्धिपूर्ण नहुन सक्छ । जब विद्यार्थीहरूले तोकिएका उद्देश्यहरू प्राप्त गर्न सक्दैनन् तब सिङ्गो शैक्षणिक कार्यलाई सार्थक र सफलीभूत बनाउन पनि अध्यापन योजनाको आवश्यकता उच्च देखिन्छ । विद्यार्थीको तह क्षमता र स्तरका आधारमा भाषिक सिप र पक्षलाई कति महत्त्व दिने, के कस्ता भाषिक सामग्रीलाई के कसरी शिक्षण गर्ने, विद्यार्थीको भाषिक आवश्यकता र प्रयोजनहरू के हो, यसका लागि के कस्ता उपायहरू र के कस्ता प्रयोजनहरूको खोजीगर्ने, यी सब कुराको चाँजोपाँजो मिलाई गरिएको शिक्षण सिकाइ प्रक्रिया उपलब्धिमूलक बन्न सक्छ । योजना विहीन कामहरूमा एकातिर आवश्यक कुराहरू छुट्ने र अर्कोतिर अनावश्यक रूपमा बहकिने सम्भावना प्रबल हुन्छ । त्यस्तै शिक्षण पनि अन्योलमा पर्न सक्छ । झन तालिम अप्राप्त शिक्षकको लागि त यो समस्या टड्कारो रूपमा देखा पर्दछ । यसरी समग्र रूपमा भन्नुपर्दा शिक्षण सिकाइलाई उद्देश्यमूलक, सुनियोजित, प्रभावकारी, सुस्पष्ट, सुनिश्चित, सहज, स्वभाविक गत्यात्मक बनाउन योजनाले प्रस्ट आधार खडा गर्ने हुँदा शिक्षण प्रक्रियामा अध्यापन योजनाको आवश्यकता पर्दछ । निर्माणवादी सिद्धान्तमा आधारित : सर्वप्रथमतः शिक्षकको पेसागत विकास निर्माणवादी सिद्धान्तमा आधारित हुन्छ । निर्माणवाद भनेको ज्ञान र सिकाइको प्रक्रिया निरन्तर परिवर्तनशील, परिमार्जित तथा आगमन खोज (Inductive inquiry) मा आधारित हुन्छ (थपलिया, २०७२) भन्ने धारणा हो । शिक्षण सिकाइ प्रभावकारी बनाउनको लागि वार्षिक कार्यतालिका, वार्षिक कार्ययोजना, एकाइ योजना र दैनिक पाठयोजना नितान्त आवश्यक छ । यी योजनाअनुसार शिक्षण सिकाइ प्रभावकारी हुन्छ । शैक्षणिक योजना कार्यान्वयनको पक्षको शिक्षक, प्रधानाध्यापक र विद्यार्थीहरूबाट प्राप्त शाब्दिक तथ्यलाई ट्रान्सक्राइब गरेर कोड निर्माण गरी ग्रुपिङ् गरी थिम निर्माण गरेर विश्लेषण गरिएको छ ।

## वार्षिक कार्यतालिका

कुनै पनि संस्थामा एउटा शैक्षिक सत्रभरि गरिने कार्यक्रमहरूलाई लक्षित गरी बनाइएको योजनालाई वार्षिक कार्य तालिका भनिन्छ । वार्षिक कार्य तालिकामा शिक्षण विद्यालयमा हुने शैक्षणिक सबै प्रकारका कार्यकलापहरू व्यवस्थित गरिएको हुन्छ । विद्यार्थी भर्ना, विदा, चाडपर्व, शिक्षण सिकाइ क्रियाकलाप, अतिरिक्त क्रियाकलाप, परीक्षा, भौतिक तथा प्रशासनिक क्रियाकलाप लगायत शिक्षण संस्थाभित्र गरिने अन्य क्रियाकलापहरू समेटी वार्षिक कार्य तालिका तयार गरिन्छ । वार्षिक कार्य तालिकाकै आधारमा विद्यालय वा शिक्षण संस्था सञ्चालित हुन्छ । तोकिएका कार्यक्रमहरू तोकिएको मितिमा व्यवस्थित रूपमा सम्पन्न गर्न कार्य तालिकाले मद्दत गर्छ । यसै तालिकाको आधारमा अन्य योजनाहरू, कार्य योजना, एकाइ योजना र पाठ योजनाहरू तयार पारिएको हुन्छ । वार्षिक कार्य तालिका सम्बन्धित शिक्षण संस्थाको समग्र योजना भएको हुँदा संस्थाका कार्यक्रमहरू मूल्याङ्कन गर्न, सुधार गर्न सकिन्छ त्यसैले सबै शिक्षण संस्थाका लागि वार्षिक कार्य तालिका अपरिहार्य देखिन्छ (खनिया, २०७५) । संस्था प्रमुख, व्यवस्थापन समिति, शिक्षक तथा

कर्मचारीहरूको संयुक्त प्रयासबाट वार्षिक कार्य तालिका निर्माण गरिन्छ । यसको निर्माणमा अभिभावक एवम् विद्यार्थीहरूको सहयोग पनि अपेक्षित हुन्छ ।

वार्षिक कार्यतालिका प्रधानाध्यापकको नेतृत्वमा शिक्षक र विद्यालय व्यवस्थापन समितिले तयार पारिन्छ । कतिपय विद्यालयमा निर्माण नभएको रहेछ भने कतिपयमा निर्माण भएको रहेछ तर कार्यान्वयन पक्षमा लागु नभएको देखियो । धेरै विद्यालयहरू कार्यालयभित्र वार्षिक कार्यतालिका झुण्डिएको पाइयो तर कार्यन्वयनको पक्षमा शोधीखोजी गर्दा तालिकाअनुसार कार्यान्वयन नभएको पाइयो । कतिपय विद्यालयमा के पाइयो भन्ने अधिकांश सूचकहरूको भनाइ उद्धृत गर्दै, "वार्षिक कार्यतालिका बनाउादा हामीलाई राख्दैन । प्र.अ.का उतराधिकारीहरूबाट मात्र तयार पारिएको हुन्छ ।" अधिकांश विद्यालयहरू प्रशासन र शिक्षकहरूबिच मनमुटाब रहेको पाइयो, जसकारण शैक्षणिक वातावरणहरू प्रभावित भएको पाइयो । कतिपय विद्यालयहरूमा राजनीतिक तवरबाट नियुक्त गरेका शिक्षकको रजाइले सिङ्गो शैक्षणिक संस्था नै प्रभावित भएको पाइयो । ट्राइङ्गुलेसन क्रस चेकका आधारमा समग्रमा वार्षिक कार्यतालिका प्रभावकारी रूपमा व्यवहारिक पक्षमा लागु नभएको निष्कर्षमा पुग्न सकिन्छ । एक जना सहभागी शिक्षकको भनाइ उधृत गर्दै भनेका छन्,'हाम्रो विद्यायमा वार्षिक कार्यतालिका योजना निर्माण गरी लागु भएको छैन किनभने, विभिन्न प्रशासनिक समस्याहरूका कारणले गर्दा लागु भएको छैन ।' सन् १९५७ मै स्किनरले व्यवहारवादी मनोवादीमा' मौखिक व्यवहार' सम्बन्धी दृष्टिकोणअनुसार भाषा सिकेर सिकिने कुरा हो र यो बानी निर्माणमा आधारित हुन्छ । अर्थात् सिकाइ प्रभावकारीको लागि व्यवहारिक पक्ष नितान्त आवश्यक देखिन्छ । व्यवहारले बानी निर्माण गरी प्रयोग पक्षमाथि जोड दिएको हुन्छ जसले गर्दा शैक्षणिक कार्यक्रम प्रभावकारी हुन्छ तर यसको अभाव देखियो । विद्यालयको हरेक गतिविधिमा शैक्षणिक वातावरणले प्रभाव पारेको हुन्छ त्यसैले राजनीतिक क्रियाकलाप र गतिविधिलाई टाढा राखेको खण्डमा उचित वातावरण निर्माण हुन सक्छ । उचित वातावरणमा मात्र शिक्षण सिकाइ प्रभावकारी हुन सक्छ । नियमित अनुगमन र अवलोकनले पनि शैक्षणिक योजना प्रभावित हुन्छ त्यसकारण नियमित अनुगमन हुनु नितान्त आवश्यक देखिन्छ । यसबाट शैक्षणिक योजनाको अभ्यासमा टेवा पुग्दछ ।

## वार्षिक कार्ययोजना

कुनै एक शैक्षिक सत्रभरि एउटा सेमेष्टरमा गरिने विषयगत शैक्षिक कार्यकलापहरूका बारेमा बनाइएको योजनालाई कार्य योजना भनिन्छ । कार्य योजना सामान्यतः सत्रभरिको लागि बनाइन्छ तापनि कार्य योजनाले सो अवधिभर अध्यापन गर्ने कार्यलाई बुझाउँछ । कार्य योजना बनाउँदा कार्य तालिकाको आधारमा विषय शिक्षकहरूले सम्बन्धित विषयको शिक्षण सिकाइ क्रियाकलाप, अतिरिक्त क्रियाकलाप, मूल्याङ्कन जस्ता शैक्षणिक पक्षहरू समेटी तयार गरेका हुन्छन् ।

## कार्य योजना

कार्य योजना निर्माण गर्दा पाठ्यक्रमले निर्धारण गरेका उद्देश्य, पाठ्य विषयको मात्रा, उपलब्ध पाठ्यभार, अङ्कभार, शिक्षण सामग्रीको प्राप्यता, मूल्याङ्कन प्रक्रिया, सह कार्यकलापहरूप्रति सचेत हुनु पर्दछ । कार्य योजना कुन पाठ्यवस्तुलाई कति समय दिने, कुन पाठ्यवस्तु शिक्षण गर्दा कुन कुन विधि र प्रविधिको प्रयोग गर्ने, के कस्ता शिक्षण सामग्रीको प्रयोग गर्ने भन्ने कुरा खुलाइएको हुन्छ ।

यसबाट यो स्पष्ट हुन्छ कि कार्य योजना भनेको वर्षभरि गरिने शैक्षणिक कार्यक्रमको रूपरेखा हो । कार्य योजनाबाट शिक्षक स्वयम्लाई समेत कार्यक्रमको प्रभावकारिता र अप्रभावकारिताको आत्ममूल्याङ्कन गर्ने अवसर प्राप्त हुन्छ । कार्य योजनाको आधारमा एकाइ योजना र पाठयोजना निर्माण गरिन्छ ।

वार्षिक कार्ययोजना विषय शिक्षकले निर्माण गरिन्छ । एक शैक्षिक सत्रभरिमा पठनपाठन हुने दिनहरूलाई आधारमानी वार्षिक कार्ययोजना तयार पारिएको हुन्छ । यस योजनाले सिकाइ उपलब्धिमा निकै नै मदत पुर्‍याउँछ । वार्षिक कार्ययोजना निर्माण र व्यवहारिक पक्ष त्यति सक्रिय रूपमा लागू नभएको देखिन्छ । काही निर्माण गरेको पाइन्छ भने काहीं कार्यान्वयन पक्ष फितलो देखिन्छ । एक जना शिक्षकको भनाइ उद्धृत गर्दै, ‘‘विद्यालयमा शैक्षणिक कार्ययोजना निर्माण भएको छैन त्यसको प्रमुख कारण विद्यालय प्रशासनको लापारवाही हो ।’’ यस भनाइबाट के पुष्टि हुन्छ भने, वार्षिक कार्ययोजनाको बारेमा शिक्षक स्वयम्लाई थाहा छैन कि यो कसले निर्माण गरी लागू गर्ने ? त्यसैले कार्यान्वयन नभएको पुष्टि हुन्छ । वार्षिक कार्ययोजना निर्माणमा मुख्य भूमिका शिक्षकको भएता पनि शिक्षकहरू आफ्नो दायित्वबाट पन्छिएको देखिन्छ । धेरै विद्यालयहरूमा शिक्षक सेवाबाट उत्तीर्ण भएका शिक्षकहरू यस्ता योजनाहरूका बारेमा राम्ररी थाहा भएर पनि कार्यान्वयन पक्षमा तदारुक्ता नदेखाइएको पाइयो । व्यवहारवादीहरू लाक, बेकन, बर्कले, ह्युम आदिले मनोवैज्ञानिकहरूमध्ये स्किनरको व्यवहारवादी सिद्धान्तअनुसार मुसा र परेवामाथि प्रयोग गरेर अभ्यास वा पुनर्बलबाट सिकाइ हुन्छ मान्यताका आधारमा ठीक त्यस्तै वार्षिक कार्ययोजनाको प्रयोगबाट उपलब्धी हुन्छ तर प्रयोग पक्ष कमजोर भएको हुनाले प्रभावकारी सिकाइ उपलब्धी भएको छैन ।

## एकाइ योजना

एकाइ योजना कार्य योजनाका आधारमा विषयगत शिक्षकले बनाउने योजना हो । एकाइयोजना एकाइगत शिक्षण सिकाइ प्रक्रियासँग सम्बन्धित योजना हो । कार्य योजनामा समावेश गरिएका पाठ्य विषय विस्तृत रूपमा एकाइ योजनामा समावेश गरिएको हुन्छ । एकाइ योजनामा एकाइगत शिक्षणीय उद्देश्यहरू, ती उद्देश्य प्राप्त गर्ने पाठ्यविषय, अनुरूपको शिक्षण विधि र सामग्रीहरू र मूल्याङ्कन प्रक्रियाको विस्तृति दिइएको हुन्छ । एकाइ योजनाकै आधारमा दैनिक पाठयोजना बनाउन सजिलो पर्छ । एकाइ योजनाबाट प्रत्येक एकाइ किन गर्ने, कसरी गर्ने, के गर्ने, कति समयमा गर्ने भन्ने कुराको सूक्ष्म सूचना प्राप्त हुन्छ ।

नेपाली भाषामा मुख्यतः भाषिक एकाइ सिप तथा भाषातत्त्वसँग सम्बन्धित हुन्छन् । उच्चारण, श्रुतिबोध, पठन बोध, मौखिक तथा लिखित रचना, शब्दभण्डार, वर्णविन्यास आदि नै भाषिक एकाइ हुन सक्छन् भाषामा यस्तो एकाइ विभाजन उपयुक्त मानिए पनि विद्यालय तहमा विधागत तथा पाठ शीर्षकगत एकाइ विभाजन गर्नु व्यावहारिक उपाय देखिन्छ । विधागत एकाइ विभाजन गर्न सकिन्छ । यस अन्तर्गत कविता जति एउटा एकाइ, जीवनी जति अर्को एकाइ, त्यस्तै प्रबन्ध जति अर्कै एकाइको रूपमा छुट्ट्याउन सकिन्छ सबै विद्यालयहरूलाई छुट्टाछुट्टै मानी एकाइ विभाजन गर्न सकिन्छ । पाठशीर्षकगत एकाइगत एकाइमा भने खास विधाको छुट्टाछुट्टै एकाइको रूपमा

लिन सकिने भयो । भाषा शिक्षणमा पाठ शीर्षकगत एकाइ सुविधाजनक देखिए पनि विधागत एकाइ उपयुक्त देखिन्छ ।

एकाइ योजनामा एकाइलाई उद्देश्य, पाठ्यवस्तु, अनुमानित घण्टी, सामग्री, विधि र मूल्याङ्कन गरी राखिएको हुन्छ । कतिपय विद्यालयहरूमा शिक्षकहरूलाई एकाइ योजना सुनेको र कस्तो हुन्छ ? थाहा नभएको, अधिकांश शिक्षकलाई एकाइ योजना कसरी बनाइन्छ, त्यो कुरा थाहा नभएको बताउनुभयो । कतिपय शिक्षकलाई जानकारी भएर पनि व्यवहारमा लागू नगरेको पाइयो । प्राथमिक तहका तालिम लिएका शिक्षकहरूमध्ये अधिकांशले त्यतिखेर थाहा थियो, अहिले आएर धेरै कुरा बिर्सिसक्यौं । एकाइ योजना सम्बन्धी अनुगमन तथा चेकजााच कुनै सरोकारवालाहरूबाट भएन । 'हामीहरू पनि कुनै योजनाबारे त्यति चाासो राख्दैनौं ।' यस्ता भनाइहरूले एकाइ योजना कार्यान्वयनको अवस्था फितलो रहेको देखिन्छ । ग्रामीण भेगका सरकारी विद्यालयहरूमा योजनासम्बन्धी खासै चाँसो देखिएन । सरकारी विद्यालयहरूमा राजनीतिक प्रभावका कारण पठन-पाठन र योजनाहरू पनि प्रभावित रहेको देखिन्छ । उल्लेखित विद्यालयहरूका तथ्याङ्कका आधारमा अधिकतम विद्यालयमा औपचारिक रूपमा शैक्षणिक योजनाहरू कार्यान्वयन लागू नभएको पाइयो । थोरै विद्यालयमा योजनाहरू लागू गरिएको पाइयो ।

## दैनिक पाठयोजना

दैनिक पाठयोजना भनेको शिक्षकले कक्षाकोठामा प्रवेश गर्नुभन्दा अगाडि के पढाउने ? कति पढाउने ? कहिले पढाउने ? कसरी पढाउने ? कति समय पढाउने ? जस्ता कुराहरू मध्यनजर गरी बनाइएको योजनालाई दैनिक पाठयोजना भनिन्छ । एक जना शिक्षकको भनाइ उद्धृत गर्दै, "दैनिक पाठयोजनाले शिक्षण सिकाइ प्रभावकारी हुने भएकाले विद्यार्थीवर्गले सफलता हासिल गर्ने हुनाले पेसागत हिसाबले शिक्षक पनि सफल हुने अवस्था हुन्छ ।" अर्का सहभगी शिक्षकको भनाइ उद्धृत गर्दै,"दैनिक पाठयोजनाले शिक्षकको पेसागत विकासमा धेरै मदत पुऱ्याउँछ । जस्तै पाठअनुसार, एकाइअनुसार शैक्षिक सामग्री निर्माण गर्ने, कुन शिक्षण विधि कसरी प्रयोग गर्ने, विद्यार्थीलाई कसरी पठन पाठन गर्ने, एकाइले वा पाठले खोजेको उद्देश्य कसरी पूरा गर्ने आदि मद्दत पुऱ्याउँछ ।" यी भनाइहरूबाट पुष्टि हुन्छ कि दैनिक पाठयोजना सम्बन्धी गतिविधिहरू थाहा छन् । दैनिक पाठयोजनाले शिक्षण सिकाइलाई प्रभावकारी बनाउछ । दैनिक पाठयोजना प्रयोग गर्ने शिक्षकको पेसागत विकास हुन्छ । शिक्षकको पेसागत विकास भएमा संस्थागत पनि विकास हुन्छ । प्रस्तुत लेखमा कतिपय शिक्षकहरूले पाठयोजना निर्माण गरी कार्यान्वयनको अवस्था देखिन्छ भने, कतिपय शिक्षकहरूले योजना पनि निर्माण नगरिएको पाइयो । प्राथमिक तहका शिक्षकहरूले दैनिक पाठयोजना सम्बन्धी धेरैमा के देख्यो भने, दैनिक पाठयोजनाका स्तम्भहरू नै थाहा छैनन् भन्थे । कतिपयमा स्तम्भ थाहा थियो तर स्तम्भहरूको क्रमबद्धता नै भङ्ग गरेको पाइयो । कतिपयमा पाठयोजनाको बारेमा जानकारी भएपनि त्यसलाई व्यवहारिक पक्षमा प्रयोग नगरेको अवस्था पाइयो । प्रा.वि.तहका धेरै शिक्षकहरू दैनिक पाठयोजना लागू गर्नुभन्दा आफ्नै अनुभवले शिक्षण गर्दा शिक्षण सिकाइ प्रभाकारी हुन्छ भनेर भन्थे । कतिपयले कहिलेकाही मात्र प्रयोग गर्ने कुरा गरे । कतिपय निजीतर्फका विद्यालयहरूमा दैनिक पाठयोजनाको बारेमा नाम नै नसुनेको कुरा गरे किनभने शिक्षा बाहेक अन्य

पृष्ठभूमिबाट आएका शिक्षकहरू पाइयो । खासगरी विज्ञान पृष्ठभूमिबाट आएका विज्ञान र गणित विषय शिक्षकहरूमा पाठयोजनासम्बन्धी जानकारीको अभाव देखियो । जानकारी नै नभएका शिक्षकहरूमा दैनिक पाठयोजना लागु गर्ने कुरै भएन ।

तसर्थः योजनाबद्ध शिक्षण नगर्दा समयमा कोर्सहरू पनि नसिद्धिएको पाइयो । प्रयोजनवादी सिद्धान्तअनुसार सत्य कुनै यस्तो वस्तु होइन जुन पहिले नै विद्यमान हुन्छ सत्य त परिस्थिति अनुसार प्रयोग पक्षमा आधारित हुन्छ । अर्थात् सत्य प्रकट प्रयोगबाट मात्र हुन्छ । त्यसैले सत्य ज्ञान वा सिकाइको लागि प्रयोग वा कार्यान्वयन गर्नु नै पर्छ तर कार्यान्वयन पक्ष कमजोर भएको हुनाले सिकाइ उपलब्धि पनि फितलो देखिन्छ । समग्रभन्दा विद्यालयीय स्तरमा शैक्षणिक योजना प्रयोग अवस्था निकै नै कमजोर देखियो । शैक्षणिक प्रयोग अवस्था सबल बनाउन पुनर्ताजगीको पनि अवस्था देखियो ।

## शिक्षकलाई प्रोत्साहित

प्रोत्साहितको अर्थ हौसला बढाउनु भन्ने बुझिन्छ । शिक्षण सिकाइको क्रममा मुख्य भूमिका शिक्षकको नै हुन्छ त्यसैले शिक्षकको मनोवललाई बढाउनु पर्दछ । शिक्षकको मनोवल बढाउन प्र.अ., अभिभावक र विद्यार्थीहरूबाट पनि शिक्षकको मनस्थिति उजागर गर्न सकिन्छ । शिक्षण सिकाइको मेरूदण्ड नै शिक्षकलाई मानिन्छ । शिक्षक जति खुशी हुन्छ शिक्षण सिकाइको लागि उपयुक्त वातावरण सिर्जना हुन्छ । शिक्षक आफ्नो पेसाबाट सन्तुष्ट हुनु पर्दछ । कतिपय प्र.अ.ले शिक्षकलाई प्रोत्साहित गरेको देखिन्छ भने, कतिपय प्र.अ.ले इमानदारीपूर्ण कार्य गर्दा पनि शिक्षकलाई प्रोत्साहित गरेको पाइदैन । एकजना सहभागी शिक्षकको भनाइ उद्धृत गर्दै, ‘‘प्रधानाध्यापकले आफ्ना आसेपासेका व्यक्तिहरूलाई प्रोत्साहित गर्ने अरूलाई वास्ता नगर्ने देखिन्छ ।’’ अर्का सहभागी शिक्षकको भनाइ उद्धृत गर्दै, ‘‘प्रधानाध्यापकले कहिले काही प्रोत्साहित भइन्छ ।’’ तेस्रो सहभागी शिक्षकको भनाइ उद्धृत गर्दै,‘‘प्रधानाध्यापकले प्रोत्साहन गरेको छैन ।’’ कतिपय शिक्षकहरू सक्रिय देखिएको पाइन्छ । कुनै पनि कार्य तब मात्र राम्रोसँग सम्पन्न हुन्छ, जब व्यक्ति त्यस कार्यका लागि मानसिक र शारीरिक दुबै रूपले तत्पर हुन्छ । प्रसिद्ध व्यवहारवादी मनोवैज्ञानिक थर्नडाइकका अनुसार पनि सिकाइका तत्परता अतिआवश्यक तत्त्व हो । शिक्षक र विद्यार्थी दुबै पढन र पढाउनको लागि तत्पर भएपछि मात्र सिकाइ प्रभावकारी हुन्छ तर समग्रमा अधिकांश शिक्षकहरू असन्तुष्ट नै देखिएको छ ।

## प्र.अ.को भूमिका

प्रधानाध्यापक विद्यालय परिवारको अभिभावक हो । सामुदायिक विद्यालयको नेतृत्वकर्ता प्रधानाध्यापकहरूको नेतृत्व क्षमता, विद्यालय सञ्चालन अवस्था र पेसागत आवश्यकताहरूसँग सम्बन्धित हुन सक्छन् त्यसैले प्रधानाध्यापकले पठनपाठनको नियमित अनुगमन गर्नु आवश्यक हुन्छ । विद्यालयको शैक्षणिक, भौतिक, आर्थिक र प्रशासनिक व्यवस्था जति चुस्तदुरुस्त हुन्छ त्यति नै शैक्षणिक वातावरण अनुकूल हुन्छ । एक सहभागी विद्यार्थीको भनाइ उद्धृत गर्दै, ‘‘प्रधानाध्यापकले नियमित निरीक्षण गर्नु हुन्छ ।’’ यसबाट के पुष्टि हुन्छ भने, पठनपाठन राम्रै चलिराखेको छ । अर्का सहभागी विद्यार्थीको भनाइ उद्धृत गर्दै, ‘‘हाम्रो विद्यालयमा प्रधानाध्यापकले विद्यालयमा कक्षा

निरीक्षण कहिले काही मात्र गर्नु हुन्छ ।'' एक जना सहभागीको भनाइ उद्धृत गर्दै, ''योजनाहरू देखिदै ।'' अर्का सहभागी विद्यार्थीको भनाइ उद्धृत गर्दै, ''मेरो विद्यालयको ओफिसमा कार्यपात्रो निर्माण गरेको देखिन्छ तर अतिरिक्त क्रियाकलापहरू तोकिएको मितिमा भएको देखिदिना ।'' प्राप्त तथ्याङ्का आधारमा कुनै विद्यालयको प्रधानाध्यापक नियमित अनुगमन गरिरहेका छन् भने, कुनै विद्यालयका प्रधानाध्यापक कहिलेकाही अनुगमन गर्छन् । योजनाहरू कार्यान्वयनमा उदासिन्ता देखिन्छ । कतिपय विद्यालयका प्रधानाध्यापकहरूले नियमित अनुगमन गरेका छन् । योजनाहरूको कार्यान्वयन पक्षतिर प्राय: वार्षिक कार्यतालिका निर्माण गरी कार्यान्वयनको प्रयासमा देखिन्छ तर अन्य योजनाहरू कार्यान्वयन नभएको अवस्था देखिन्छ । जुन विद्यालयको योजनाहरू फितलो छ भने, प्राय त्यस विद्यालयका अन्य पक्षहरू पनि कमजोर नै हुन्छ त्यसकारण सिकाइ उपलब्धिमा ह्रास भएको देखिन्छ ।

## शिक्षकको पेसागत विकास

शिक्षकको पेसागत विकास भनेको शिक्षकलाई पेसाप्रति कर्तव्यनिष्ठ, अद्यावधिक र कार्यकुशल बनाउने प्रक्रिया हो । कुनै व्यक्तिले आगालेका इलम, उद्यम वा व्यवसाय जीवन निर्वाहका लागि गरिने कुनै धन्धा (प्र.ने.श.,२०६८) । शिक्षण सिकाइको सम्पूर्ण नेतृत्व शिक्षककै हातमा रहेको हुन्छ । शिक्षककै पूर्वतयारी र सक्षमताले शिक्षण सिकाइका कार्यहरू प्रभावकारी र परिणाममुखी हुन सक्छन् । पेसाले सिर्जनशील, दक्ष, उत्प्रेरित र समसामयिक परिवर्तनसाग परिचित शिक्षकले सिकारुलाई मात्र होइन, विद्यालय, समाज, समुदाय र राष्ट्रलाई मार्गदर्शन गर्न सक्छ । तर्सथ सामाजिक, सांस्कृतिक र शैक्षिक परिवर्तनको नेतृत्व गर्ने शिक्षकको पेसागत विकास हुनु अत्यावश्यक छ (तिमल्सेना, सन् २०२०) । पेसागत विकासमा प्रभाव पार्ने पक्षहरूमा व्यक्तिगत पक्ष आर्थिक पक्ष आन्तरिक पक्ष, बाह्य पक्ष, संस्थागत पक्ष आदिले शिक्षकको पेसागत विकास हुन्छ । प्राप्त थिमका आधारमा योजनाहरूले शिक्षकको पेसागत विकास गराउछ । योजनाले सक्रियाता बढाएको पाइन्छ । यसले सम्बन्ध कायम गर्छ । शिक्षक योजना कहिलेकाही लागु गरिएको हुँदा सन्तोषजनक देखिएको छैन ।

## संस्थागत विकास

विभिन्न शैक्षणिक योजनाहरूलाई कार्यान्वयन गर्दा विद्यालयको पनि विकास हुन्छ । योजनासँग सम्बन्धित सबै पक्षहरूको विकास हुन्छ । संस्थाको छातामुनि रहेका विद्यार्थी, शिक्षक, अभिभावक प्रशासनहरूको पनि विकास हुन्छ । त्यसकारण सर्वप्रथम संस्थाको विकास हुनु पर्दछ । शैक्षणिक योजनाले विद्यालयको वातावरणलाई नै शिक्षणमैत्री बनाउँछ । जुन संस्थामा हरेक कुरा योजनाबद्ध तरिकाबाट संचालन हुन्छ । त्यहाा अनुशासन तथा आचारसंहित पनि पूर्ण रूपमा पालना भएको हुन्छ । प्रस्तृत अध्ययनमा प्राप्त थिमका आधारमा विद्यालय संस्थागत रूपमा योजनाहरू पूर्ण रूपमा लागु नभएको हुँदा विद्यालयहरूको पूर्ण रूपमा विकास भएको छैन । जे जति भएपनि शैक्षणिक विकासमा कमी महसुस भएको देखिन्छ । एक जना शिक्षकको भनाइअनुसार,''हामीलाई खुशी पारेपछि हामीले पनि प्रशासन र संस्थाको विकासमा अग्रणी भूमिका खेल्छौ ।'' त्यसकारण शिक्षण संस्थाहरूमा योजनाहरूको कार्यान्वयन हुनु नितान्त आवश्यक देखिन्छ । सम्बन्धित निकायले मुख्य

भूमिका खेल्नुपर्ने आवश्यक देखिन्छ । सम्पूर्ण योजनाहरूलाई सम्बन्धित निकाय र व्यक्तिहरूले तदरुक्तासाथ लागू गर्नु पर्ने अवस्था देखिन्छ । अनुगमन गर्ने सम्बन्धित निकायहरूले पनि सक्रिय भूमिका खेल्नुपर्ने आवश्यक देखिन्छ । यसरी उल्लेखित थिमहरूका आधारमा शैक्षणिक योजनाहरू महत्त्वपूर्ण देखिन्छ । वार्षिक कार्यतालिका, वार्षिक कार्ययोजना, एकाइ योजना र दैनिक पाठयोजनाहरू निर्माण गरी कार्यान्वयन हुनु पर्नेमा हुन सकेको छैन । यसका कारण विभिन्न सम्बन्धित पक्षहरू जिम्मेवार रहेका छन् ।

## निष्कर्ष

शैक्षणिक योजनाले पाठ्यक्रमको उद्देश्य प्राप्तिका लागि महत्त्वपूर्ण भूमिका खेलिन्छ । प्रस्तुत थिमहरू वार्षिक कार्यतालिका, वार्षिक कार्ययोजना, एकाइ योजना, दैनिक पाठयोजना, शिक्षकलाई प्रोत्साहित, प्र.अ.को भूमिका, शिक्षकको पेसागत विकास र संस्थागत विकास जस्ता थिमहरूका आधारमा कतिपय अवस्थामा योजनाहरू निर्माण गरेको देखिन्छ भने कतिपय अवस्थामा कार्यान्वयन भए पनि पूर्ण रूपमा कार्यान्वयन नभएको देखिन्छ । अतः शैक्षणिक योजनाका कार्यान्वयन पक्ष कमजोर नै देखिन्छ । वार्षिक कार्यतालिका लागि प्रधानाध्यापकको मुख्य भूमिका खेल्नु पर्ने हुन्छ भने, अन्य वार्षिक कार्ययोजना, एकाइ योजना र दैनिक पाठयोजनाहरू लागि शिक्षकले मुख्य भूमिका खेल्नु पर्ने हुन्छ । शिक्षकलाई प्रधानाध्यापकले विभिन्न दृष्टिकोणले प्रोत्साहित गरिनु पर्दछ । साथै योजनाहरू कार्यान्वयनको पक्षमा नियमित निरीक्षण तथा अनुगमन गर्नु आवश्यक देखिन्छ । शिक्षकहरूमा सक्रियता र आपसमा छलफल तथा गोष्ठीको अभावलाई निरन्तरता दिनुपर्ने देखिन्छ । वि.व्य.स. र स्रोत व्यक्तिको पनि नियमित अनुगमनमा उतिकै नै महत्त्वपूर्ण भूमिका रहेको देखिन्छ । समग्रमा सम्बन्धित निकायहरूको सक्रिय भूमिका खेल्नु पर्ने आवश्यक देखिन्छ अनि मात्र शैक्षणिक कार्ययोजनाहरू प्रभावकारी हुन्छ ।

## कृतज्ञता

प्रस्तुत लेखलाई सघाउन अमूल्य समय खर्चिनु भएका आदरणीय गुरूवर्ग, अनुसन्धान विज्ञहरूमा हार्दिक आभार व्यक्त गर्न चाहन्छु । आत्मीय मित्रगणमा श्रद्धासुमन प्रकट गर्न चाहन्छु । त्यस्तै सम्बन्धित विद्यालयका प्र.अ., शिक्षक, विद्यार्थीहरूप्रति सहयोगको लागि हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छु । अन्त्यमा प्रत्यक्ष र अप्रत्यक्ष रूपमा सहयोग गर्नु हुने सम्पूर्ण महानुभावहरूमा हार्दिक हार्दिक ऋणी सदैव रहने छु ।

## सन्दर्भ सामाग्री

खनिया, बुद्धराज (२०७५), *नेपाली भाषा शिक्षणः सिद्धान्त र प्रयोग,* जुपिटर प्रिन्टिङ एण्ड पब्लिसिङ हाउस प्रा.लि.।

तिमल्सेना, शिवप्रसाद (२०२०), *शिक्षकको पेसागत विकासको अवधारणा र यसका सम्बद्ध पक्ष,*शिक्षक शिक्षा ।

थपलिया, तुलसीप्रसाद (२०७२), *नेपालमा शिक्षकको पेसागत विकास मोडल, शिक्षक शिक्षा*(वर्ष १३, अङ्क १३), (पृपृ. २-१८), भक्तपुर : शैक्षिक जनशक्ति विकास केन्द्र।

*नेपाली बृहत शब्दकोश* (दशौं सं.२०७५), : नेपाल प्रज्ञा प्रतिष्ठान ।

मैनाली, रविन्द्र (२०७५), *शिक्षण सिकाइमा शैक्षणिक योजनाको प्रयोग,* त्रि.वि.शिक्षाशास्त्र सङ्काय, शैक्षणिक योजना तथा व्यवस्थापन विभाग ।

शर्मा, प्रसाद र पौडेल, माधवप्रसाद (२०७३), *नेपाली भाषा र साहित्य शिक्षण* काडमाण्डौ : विद्यार्थी पुस्तक भण्डार ।

Interdisciiplinary Research in Education A publication of central Department of Education. DOI: https://doi.org/10.3126/ire.v5i1-2.34747